# के नेपाली साहित्य सुकेकै हो त ?



ज्ञानगुनका सारा कुरामा आफू पारङ्गत भएको नौटङ्की गर्ने कुनै उपभोक्तावादी टपरटुइँया नेता वा मन्त्रीले साहित्य सुक्यो भनेको भए आश्चर्य लाग्ने थिएन । अचेल साहित्यको मुहान सुक्यो, साहित्य ओइलायो भन्नेहरूको अग्रपङ्तिमा कतिपय समालोचकहरू स्वयं देखा परेका छन् ।

**खगेन्द्र संग्रौला र प्रत्यूष वन्त**

२०४६ सालको जनआन्दोलनपछि नेपाली साहित्यमा ह्रास आयो, साहित्य सुक्यो भन्ने चर्चा हिजोआज चल्न थालेको छ । नेपाली साहित्यमा यस मानकका आधारमा विश्लेषण गर्दा यसरी ह्रास देखिन आएको हो भनेर युक्तिसंगत तर्कमा जुट्नुको सट्टा प्राय: सबै थरीका लेखक, समालोचक तथा पाठकहरू हो मा हो थप्न नै व्यस्त भएका छन् । केही समयअघि *उत्साह* मासिकले यस सम्बन्धमा छलफल चलाउने मनशायले एउटा भेलाको आयोजना गरेको थियो । छलफललाई निर्दिष्ट दिशातर्फ डोऱ्याइदिन गोविन्द भट्ट, निनु चापागाईं र राजेन्द्र सुबेदी- यी तीनजना समालोचकलाई *उत्साह*ले निम्त्याएको थियो । तीनैजना समालोचकले तोकिएको विषयभित्र प्रवेश गर्न नखोजेको वा नचाहेको भान भयो । त्यस भेलामा उपस्थित श्रोताहरूलाई तथ्यको धरातलमा उभिएर सन्दर्भ, दृष्टान्त र विश्लेषणसहित साहित्यमा ह्रास आएको हो कि होइन भनी निरूपण गर्नु सट्टा हो पनि र होइन पनिजस्ता छायावादी कुरा मात्र त्यहाँ भए । समालोचकहरूको त्यस्तो हबिगत देख्दा साहित्य समालोचनाले पो आफ्नो आधार गुमाउँदै गएर सुक्न लागेको हो कि भनी रुस्कनु पर्ने स्थिति देखापऱ्यो । उक्त कार्यक्रमको निस्सारताबारे *उत्साह*ले आफ्ना पातामा सारयुक्त टिप्पणी गरेर सार्थक सम्वादको ढोका खोलिदेला भन्ने आशा थियो । तर *उत्साह*को छिपछिपे टिप्पणीले हाम्रा आशामाथि पनि बरफजल नै खन्याइदियो । तसर्थ विज्ञजनहरूमाऽ यस विषयमा सार्थक छलफल चल्नसक्ला कि भन्ने हेतुले हामीले यहाँ विषयप्रवेश गर्ने अर्घेल्याइँ गरेका हौं ।

*उत्साह*को भेलामा समालोचकहरू सामु प्रस्तुत गरिएका आठवटा प्रश्नमध्ये मूल प्रश्न यस्तो थियो: सापेक्ष रुपले बढी अभिव्यक्ति स्वतन्त्रता पाइएको २०४६ सालपछिको अवधिमा साहित्य सिर्जनामा ह्रास वा मन्दी आयो भनिन्छ । के को सापेक्षतामा यसो भनिएको हो ? के यस अवधिको साहित्यको समग्र मूल्याङ्कन र विशिष्ट विधागत मूल्याङ्कनका आधारमा यसो भनिएको हो ? हाम्रो यो बसिवियाँलो यसै प्रश्नलाई मियो बनाएर त्यसैको सेरोफेरोमा घुम्ने छ ।

यस लेखमा हाम्रो प्रयास मुख्यत: दुई कुरामा केन्द्रित हुनेछ । केही आधारहरूलाई तेर्स्याएर पहिले हामी 'नेपाली साहित्यमा ह्रास आएकै हो' भन्ने थोक निर्णय गर्न नमिल्ने पो हो कि भन्ने आशंका प्रस्तुत गर्ने छौं । दोस्रो, यस हल्लाको माऽमा नेपाली साहित्यका समालोचकहरूको भूमिका के हुनुपर्थ्यो भन्नेबारे हाम्रा केही चिन्ताहरू प्रकट गर्ने छौं ।

नेपाली साहित्यमा ह्रास आएको हो कि होइन भनेर तर्कयुक्त विश्लेषण गर्नका लागि सबभन्दा पहिले हामी यहाँ तीनवटा प्रश्न अघि सार्छौं ।

(क) के साहित्यिक कृति र साहित्यिक पत्रिकाहरूको प्रकाशनमा मन्दी आएको हो ?

(ख) के विविध रूपमा विस्तारित हुन खोजिरहेको निबन्ध विधामा मन्दी आएको हो ?

(ग) के नेपाली कथा साहित्यको विधामा मन्दी आएको हो ?

निबन्ध र कथा विधासँग हामी अलि बढी परिचित भएकाले नै हामीले यी विधालाई हाम्रो चर्चाको आधारका रूपमा यहाँ छानेका हौं ।

**साहित्यिक पत्रिका**

सर्व प्रथम साहित्यिक पत्रिकाहरूकै कुरा गरौं । साहित्यिक पत्रिकाहरूको 'मूल प्रवाह'मा नियमित रूपमा प्रकाशित हुने *मधुपर्क* (गोरखापत्र संस्थान), *गरिमा* (साझा प्रकाशन), *समकालीन साहित्य, कविता* र *प्रज्ञा* (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) पर्दछन् । यीमध्ये पहिला तीनवटामा साहित्यका सबै विधाका सामग्री पाइन्छ । चौथोमा कविता र कविता सम्बन्धी समालोचनात्मक लेखहरू हुन्छन् । *प्रज्ञा*मा चाहिं अनुसन्धानात्मक निबन्धहरू बाहेक नेपाली साहित्यको इतिहासबारे महत्वपूर्ण लेखहरू पनि प्रकाशित हुने गरेका छन् ।

ब्याङ्क जस्ता व्यावसायिक संस्थाहरूले पनि साहित्यिक पत्रिकाहरू नियमित रूपमा निकाल्ने गरेका छन् । *मिर्मिरे, समष्टि, उपहार, मनोभाव* त्यस्तै पत्रिकाहरू हुन । मदन पुरस्कार गुठीको मुखपत्र *नेपाली* त्रैमासिकमा साहित्यको इतिहास र समालोचना क्षेत्रका विभिन्न लेखहरू प्रकाशित हुन्छन् । *ज्ञानगुनका कुरा*मा साहित्यिक जीवनी र संस्मरणका राम्रा-राम्रा उदाहरणहरू पर्ने गरेका छन् । लामो आयु भएको नारी हस्ताक्षरमूलक वार्षिक अङ्कको रूपमा *रत्नश्री*को पनि नाम

## नेपालका साहित्यिक पुरस्कारहरू

कवि, लेखक, कथाकार र समालोचकहरूको उत्साह अभिवृद्धि गर्ने र उनीहरूको सम्मान गर्ने उद्देश्यले नेपालमा साहित्यसम्बन्धी विविध पुरस्कारहरूको स्थापना गरिएको छ ।

एकातिर पुरस्कारहरूको सङ्ख्यामा दिनप्रतिदिन वृद्धि भइरहेको छ भने अर्कातर्फ सही र योग्य प्रतिभाहरू सम्मानित र पुरस्कृत हुन नसकेको गुनासो पनि बढिरहेकै पाइन्छ । पुरस्कृत हुने व्यक्तिको चयन गर्दा वा पुरस्कारनिम्ति कृतिको मूल्याङ्कन गर्दा निष्पक्षता र पारदर्शिता नभएको साहित्यकारहरू बताउँदछन् ।

साथै पुरस्कार स्थापना गर्ने संस्थाहरूले आफूलाई केवल पुरस्कार वितरण गर्ने काममा मात्र सीमित नराखी पुस्तक प्रकाशन र नव प्रतिभालाई प्रोत्साहन दिने खालका अन्य सृजनात्मक कार्यहरू पनि गर्नुपर्नेतर्फ उनीहरू औंल्याउँछन् ।

नेपालमा स्थापित विभिन्न साहित्यिक पुरस्कारहरूको सूचि :

१. **पृथ्वी प्रज्ञा पुरस्कार**: २०३१ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा (ने.रा.प्र.प्र.) स्थापना गरिएको यो पुरस्कार नेपाली भाषा र साहित्यको विकासमा उल्लेखनीय योगदान दिने व्यक्तिलाई प्रत्येक ५ वर्षमा प्रदान गरिन्छ । यस पुरस्कारको रकम हाल २ लाख रुपियाँ रहेको छ र २०५० सालसम्ममा चारजना वरिष्ठ साहित्यकारहरू यस पुरस्कारबाट सम्मानित भइसकेका छन् ।

२. **त्रिभुवन प्रज्ञा पुरस्कार**: कला, भाषा, साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई ने.रा.प्र.प्र.द्वारा प्रत्येक तीन वर्षमा प्रदान गरिने यस पुरस्कारको राशि १ लाख ५० हजार रुपियाँ छ । यो पुरस्कार २०१६ सालमा स्थापित गरिएको थियो । २०१६ देखि २०३० सालसम्म त्रिभुवन पुरस्कारको नामले सञ्चालित यस पुरस्कारको नाम परिवर्तन गरेर २०३१ सालमा त्रिभुवन प्रज्ञा पुरस्कार राखिएको हो ।

३. **महेन्द्र प्रज्ञा पुरस्कार**: भाषा, साहित्य, कला, संस्कृति र ज्ञान विज्ञानको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई प्रत्येक दुई वर्षमा ने.रा.प्र.प्र.द्वारा यो पुरस्कार प्रदान गरिन्छ । यसको स्थापना २०३१ सालमा भएको हो । यस पुरस्कारको राशि एक लाख रुपियाँ छ ।

---

आउँछ । साहित्यिक पत्रिका *बगर*ले व्यावसायिताको झण्डा उठाएको छ । *बगर*को वार्षिक सँगालोले वर्षभरि विभिन्न पत्रिकामा विभिन्न विधामा प्रकाशित उत्कृष्ठ रचनाहरूलाई समेट्ने गरेको पाइएको छ । यस बाहेक यहाँ सम्झनु पर्ने अरू पनि नियमित पत्रिकाहरू छन्, जस्तैः *उन्नयन, दायित्व, रचना, तन्नेरी, अभिव्यक्ति, सुगन्ध र सागर* (वीरगञ्ज) । यीभन्दा कम नियमितमा *शाश्वत* (पोखरा), *सुनकोशी, गोलार्द्ध, गोधुली, सम्प्रेषण, वन्दना, दीपशिखा, दृष्टिकोण* (पोखरा), *प्रतिभा* (खोटाङ), *क्रमश* (मकवानपुर), *हाम्रो पुरुषार्थ* (तम्घास), *कुञ्जिनी* (केन्द्रीय नेपाली विभाग, त्रि.वि.वि.) पर्दछन् । *नव मञ्जरी* (रत्नराज्य क्याम्पस), *पयर, ओलान, गुञ्जन* आदि भर्खरै मात्र निस्कन थालेका छन् ।

### प्रगतिशील डबली

साहित्य र राजनीतिबीच अभिन्न अन्तर्सम्बन्ध छ र त्यसलाई लोकहितका सन्दर्भमा हेरिनु पर्छ भन्ने आग्रह राख्ने साहित्यकारहरू विभिन्न प्रगतिशील प्रवृत्तिमा बाँडिएका छन् । यी प्रवृत्तिहरू नेपाली वाम राजनैतिक फाँटका विभिन्न पार्टीले प्रतिनिधित्व गर्ने चिन्तन प्रवृत्तिको नजिक छन् । *प्रलेस* प्रगतिशील लेखक संघको पत्रिका हो । *संस्कृति* राष्ट्रिय जन सांस्कृतिक मञ्चको मुखपत्र हो । यी दुबै संस्था र तिनका प्रकाशनहरू नेकपा – एमालेका नजिक छन् । *कलम* नेकपा माओवादीको चिन्तन प्रवृत्तितर्फ झुकाव राख्ने पत्रिका हो । *वेदना* यी दुई प्रवृत्तिको बीचमा रहेका नेकपा (एकता केन्द्र, मसाल) आदिको चिन्तन प्रवृत्तिको सेरोफेरोमा रहेको पत्रिका हो । यस डबलीमा अरू पनि पत्रिकाहरू पर्दछन्, जस्तै *नेपाली साहित्य* (चितवन), *जुही* (झापा), *उत्साह, विपुल, जनमत* (वनेपा), *साथी, रातो थुँगा* (सुर्खेत), *इन्द्रेनी* (ठिमी), *नौलो कोसेली* (ठिमी), *गण्डकी संगम* (पोखरा) आदि ।

पञ्चायत कालमा झैं 'सरकारी' साहित्यिक पत्रिकाहरूमा प्रगतिशील फाँटका लेखकहरूका सिर्जना प्रकाशित हुने प्रक्रियामा कुनै बन्देज छैन । यी विभिन्न पत्रिकाहरूको संख्या र निरन्तरता तथा यिनमा प्रकाशित सामग्रीहरूको परिमाणलाई हेर्दा मन्दीको आभाष पाइँदैन । साहित्यिक गैर प्रकाशनहरूमा पनि धेरथोर साहित्य प्रकाशित भइरहेको पाइन्छ र यो क्रम बढिरहेकै देखिन्छ । साहित्यिक पत्रिकाहरू थपिने क्रम पनि जारी छ ।

साझा प्रकाशन र प्रज्ञा प्रतिष्ठानभित्र विभिन्न समस्याहरू हुँदाहुँदै पनि यी दुई संस्थाबाट वर्षमा एकाध सय साहित्यिक पुस्तक प्रकाशित हुँदैछन् । त्यसैगरी, अन्य प्रकाशन संस्थाहरूबाट तथा निजी प्रयासबाट पनि पहिलेभन्दा बढी संख्यामा पुस्तकहरू लगातार बजारमा आइरहेका छन् । भारतबाट हुने गरेको नेपाली पुस्तकको प्रकाशनमा पनि मन्दी आएको अनुभव हुँदैन । पारिजातका सम्पूर्ण कृतिहरू सिक्किमबाट भर्खरै निक्लिएका छन् । कतिपय पुरस्कार गुठीहरूले तथा संस्थाहरूले- बडाबडा हात्ती पोथाहरू निकालिरहेका छन् । तसर्थ साहित्यिक पत्रिका र साहित्यिक कृतिहरूको सन्दर्भमा संख्यात्मक वा परिमाणात्मक रूपले मन्दी आएको छ भन्ने ठाउँ कतै देखिँदैन ।

### निबन्ध विधा

दोस्रो प्रश्नको सन्दर्भमा हालै साहित्यकार गोविन्द गिरीले 'निबन्ध विधालाई सुकेनास लागेको छ' भनेको कुराबाट चर्चा थाल्न बेस होला । अरू साहित्यकारले जस्तै उनले पनि आफू यस निष्कर्षमा पुग्ने एक पित्कोसम्म आधार पनि बताएका छैनन् । हामीकहाँ निबन्ध विधाको प्रकृति, परिधि, इतिहास र विकासक्रमलाई अति साँगुरो घेराभित्र राखेर चर्चा गर्ने चलन छ । यस्ता लेखनलाई निबन्ध भनिन्छ, उस्तालाई प्रबन्ध भनिन्छ, झन् त्यस्तालाई संस्मरण भनिन्छ आदि इत्यादि । आख्यानलाई यस विधाको जग मान्ने हो भने कथा बाहेक अरू अनेक प्रकारका सिर्जनाहरूलाई व्यापक अर्थमा निवन्ध भन्न मिल्छ । यस अर्थमा निजात्मक निबन्ध, संस्मरण, नेपाली साहित्यको इतिहास लेखन, समाजशास्त्रीय विधिबाट प्रेरित अनुसन्धानात्मक लेखहरू, साहित्यिक जीवनी, यात्रा लेखन, डायरी लेखन, पत्र साहित्य, महिला र लैङ्गिक विश्लेषण प्रस्तुत गर्ने लेखहरू आदि इत्यादि सबै नै नेपाली साहित्यको निबन्ध विधाको परिधिभित्र पर्न सक्छन् । यस अर्थमा माथि प्रकृतिका लेखनहरू नेपाली निबन्ध विधाकै शाखाहरू हुन् । यस अन्तर्गत प्रकाशित सामग्रीहरूलाई केलाएर हेर्दा संख्यात्मक र गुणात्मक दृष्टिकोणबाट दुवै निबन्ध विधा पटक्कै सुकेको देखिँदैन ।

*मधुपर्क*को विशाल संस्मरण अङ्क र विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर संस्मरणहरू बाहेक पुस्तककारमा पनि केही संस्मरण पढ्न पाइएको छ । मदनमणि दीक्षितको *आनन्दमय आकाश*, ज्ञानमणि नेपालको *मेरो गुरुकुलीय शिक्षा र सहपाठी*, नारायण ढकालको *तीन सम्बत्सर*, दुर्गा घिमिरेको *जेलको सम्झना*, शान्ता श्रेष्ठको *खाली हात*, शेषराज दलीको *मेरो स्मृतिपटल उघार्दा*, भैरव रिसालको *साधुलाई सूली*, सिद्धिचरण श्रेष्ठको *कारागारको सम्झना* आदि जनआन्दोलनपछि प्रकाशित केही उल्लेखनीय कृतिहरू हुन् । संस्मरणकै लाममा रमेश विकल, कमल दीक्षित र खगेन्द्र संग्रौलाहरूका नाम पनि जोडिदिए हुन्छ । इन्दिरा प्रसाईं र नरेन्द्रराज प्रसाईद्वारा सम्पादित *गणेश गुरु : साधनादेखि समाधिसम्म* र *एउटा अमर प्राज्ञ: बालकृष्ण सम* मूलतः संस्मरणप्रधान ग्रन्थहरू हुन् । स्मृति अङ्कका रुपमा



*कथाकार रमेश विकल*

स्मारिका निकाल्ने होडबाजीले पनि यस विधालाई केही हदसम्म मलजल पुर्‍याएकै छ । यस सन्दर्भमा पारिजात स्मृति ग्रन्थ, वाशु शशी स्मृतिग्रन्थ, *वेदना*को युद्धप्रसाद मिश्र विशेषाङ्क आदि स्मरणीय छन् । त्रि.वि.वि. को स्नातकोत्तर तहको थेसिसमा साहित्यिक जीवनी लेख्ने काम अगाडि बढिरहेकै छ, जस अन्तर्गत वि. सं २००० सालयता जन्मेका साहित्यकार र उनीहरूको साहित्यक योगदानबारे पनि मूल्याङ्कन गर्ने काम थालिएको छ ।

यात्रा लेखनमा पनि फुटकर 'रचनाका अतिरिक्त केही पुस्तकहरू आइरहेकै छन् । गोविन्द गिरी 'प्रेरणा'को *फेरो*, मञ्जुलको *जाने होइन दाइ आलाकोट !*, राजेन्द्र सुवेदीको *मेरो यात्रा: मेरै परिवेशभित्र*, निर्मोही व्यासको *फलफली आँखामा*, सुधा त्रिपाठीको *बादल, धर्ती र आकाश*हरूजस्ता पुस्तकहरूलाई उदाहरणका रुपमा लिन सकिन्छ । पूर्णप्रकाश नेपाल यात्री, गंगाप्रसाद उप्रेती, भीष्म उप्रेतीहरूका लेखनलाई पनि यहाँ सम्झनै पर्छ ।



*हास्यव्यङ्ग लेखक केशवराज पिंडाली ।*

विविध बान्कीका निजात्मक निबन्ध लेखनको हकमा कृष्णचन्द्रसिंह प्रधानदेखि नरनाथ लुइँटेलसम्म दर्जनौं निबन्धकारहरू साधनारत छन् । केशवराज पिंडाली, बालकृष्ण पोखरेल, श्यामप्रसाद पोखरेल, ध. च. गोतामे, श्याम गोतामे, मोहनराज शर्मा, मनुजबाबु मिश्र, अभि सुवेदी, गंगाप्रसाद उप्रेती माधवप्रसाद पोखरेल, रुद्र खरेल, राजेन्द्र सुवेदी, शरद् क्षेत्री, विमल निभा, मनु ब्राजाकी, विष्णु प्रभात, कृष्ण धराबासी, नरमेन्द्र लामा, श्याम लामा, चोलेश्वर शर्मा, शारदारमण नेपाल, रविकिरण निर्जीव केही त्यस्ता नाम हुन् ।

समाजशास्त्रीय अनुसन्धानवाट फेला परेका कुराहरूलाई पाद टिप्पणीजस्ता प्राज्ञिक प्रविधि नअङ्गाली सर्वसाधारण पाठकलाई पनि उपयोगी हुने गरी विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्ने गरिएको छ । त्यस्ता लेखहरूमा 'विकासे' एजेन्डासँग सम्बन्धित कुराहरू मात्र नभइ नेपाली साहित्य र समाजको इतिहासका कुरा पनि परेका छन् । यद्यपि यस्ता सामग्री बढी फुटकर रूपमा देखिएका छन् र साहित्यिक टुँडिखेलभित्र मात्रै खेलि रहेका पाठकलाई ती सजिलै उपलब्ध नहुन पनि सक्छन् । डायरी साहित्यको कुरा गर्दा श्यामप्रसाद शर्मा र बीपी कोइरालाका डायरी लेखन साथै पत्र साहित्यका केही नौला प्रकाशनहरू आएका छन् ।

निबन्ध विधामा देखिएका नारी हस्ताक्षरहरूको सङ्ख्यामा कमश: वृद्धि भइरहेको छ । भुवन ढुङ्गाना, सुलोचना मानन्धर, अमृता बाँसकोटा, वानिरा गिरी, अञ्जना बिसङ्खे, कविता बस्नेत, ज्ञानु पाण्डे, कमला पराजुली, मञ्जु थापा, गौरा प्रसाईं, सीता खड्का, सीता पाण्डे, शोभा चन्द, कोमल ओली, कमला स्वरूप, सीता पाण्डे, अरुणा उप्रेती, हिसिला यमी, शोभा गौतम, बिन्दिया प्रधान आदि लेखिकाहरूका नारी, लैङ्गिक समानता तथा साहित्य र समाजका विविध पक्षबारेका निबन्धहरू समाचार-पत्रहरूमा पाईन्छ । उनीहरूको रचनाले निबन्ध विधामा मात्रा मात्र नभई केही गुण पनि थपेका छन् ।

निबन्ध साहित्यको संकीर्ण परिभाषाका कारण पाठकहरूको पढ्ने संस्कार पनि संकीर्ण हुन पुगेको छ र त्यसबाट केही विसङ्गतिहरू पैदा भएका छन् । साहित्यको पाठकले सामान्यत: विचार र मिहिन विश्लेषणयुक्त गैर साहित्यिक सामग्रीहरूप्रति उती चाख राख्दैन, तसर्थ उसको दृष्टि-क्षितिज साँगुरो र दृष्टिकोण एकलकाँटे रहिरहन्छ । अर्कोतिर लेखक भन्नासाथ साहित्यको सर्जकलाई मात्र बुझ्ने गरिन्छ र ज्ञान-विज्ञानका अन्य विधाका लेखकहरू प्राय: उपेक्षित हुने गर्छन् । इतिहास र समाजलाई साङ्गोपाङ्ग रूपमा बुझ्न समाजशास्त्रका हाँगाबिंगाहरू र साहित्यका हाँगाबिंगाहरूमाझ अन्तरङ्ग सत्सङ्ग हुनु जरूरी छ । ज्ञानका शाखा-प्रशाखाहरू एकअर्कामाथि खप्टिँदै जटिलतर भइरहेको हाम्रो जीवन र जगत्को यथार्थले चुनौतिपूर्ण ढङ्गले हामीलाई यो सन्देश दिइरहेछ । साहित्य र समाजशास्त्रबीचको अन्तरङ्ग सत्सङ्गले हाम्रो ज्ञानलाई सापेक्ष रूपले परिपूर्ण बनाउन सघाउँदो हो भन्ने लाग्छ ।

निबन्ध विधाको परिभाषालाई विस्तार गर्नु आवश्यक छ भन्ने तर्क अघि सार्दा निजात्मक अनुभूति र अनुभवयुक्त शाखाको महत्वलाई उपेक्षा गर्न खोजिएको होइन । पाठकको जीवन-अनुभूतिलाई तीव्र र घनीभूत तुल्याउनमा यस्ता निबन्धहरूको निस्सन्देह गहन भूमिका रहन्छ । तर यस्ता निबन्धको संप्रेषण मूल्यलाई उचित महत्व दिनुको अर्थ चैतन्य मिश्र र दीपक ज्ञवालीका अर्थराजनीति र संस्कृति, पानी दर्शन र महिला अधिकार आदि विषयक विचार, अनुभूति र विश्लेषणयुक्त रचनाहरूलाई निबन्धको व्यापक परिधिभित्र समावेश गरिनु हुँदैन भन्ने पनि होइन । यस्ता रचनाहरूलाई उपेक्षाको दृष्टिले हेर्नाले निजात्मक निबन्ध विषयगत रूपबाट पर्याप्त मात्रामा फस्टाउने छैन ।

## कथा विधा

तेस्रो प्रश्नको सन्दर्भमा, कथा त्यसमा रहने आकर्षक आख्यान तत्व तथा पात्र, परिवेश र जीवन-प्रक्रियाको सग्लो र सजीव चित्रणको कारण साहित्यको सबैभन्दा सशक्त तथा बाल, बयस्क र बृद्ध, सर्वसाधारण पाठक र ज्ञानी पण्डित सबैमाझ लोकप्रिय विधा हो । बढीभन्दा बढी पाठकको रूचिलाई समेट्ने र पत्रिकाको बजार विस्तार गर्न साहित्यिक पत्रिकाहरू प्रत्येक अङ्कमा नछुटाई कथा छाप्न मन गर्छन् । पूर्ण साहित्यिक, अर्द्ध साहित्यिक र असाहित्यिक पत्रिकामा समेत पनि छरिएर कथा छापिने गरेका छन् । *अस्मिता*जस्तो नारी समस्यामा केन्द्रित

४. **इन्द्र राज्यलक्ष्मी प्रज्ञा पुरस्कार:** गीत, नृत्य, सङ्गीत र कला क्षेत्रमा योगदान दिने व्यक्तिलाई दिइने यो पुरस्कारको ने.रा.प्र.प्र.द्वारा २०१६ सालमा स्थापना भएको थियो । २०१६ सालदेखि २०३० सम्म प्रत्येक वर्ष पाँच हजार, २०३१ सालदेखि २०४३ सम्म पन्ध्र हजार रुपियाँ र २०४४ सालदेखि यस पुरस्कारको रकममा वृद्धि भएर पचास हजार रुपियाँ पुगेको छ ।

५. **वीरेन्द्र प्रज्ञालङ्कार:** ने.रा.प्र.प्र.द्वारा २०३१ सालमा स्थापित यो पुरस्कार नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा अन्वेषणको क्षेत्रमा योगदान गर्ने तथा नेपाल सम्बन्धी पुस्तक लेखी नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा परिचित गराउने विदेशी विद्वान्हरूलाई प्रदान गरिन्छ । यस पुरस्कारमा रकम नभई अलङ्कार र कलात्मक रजतपट्टमा निर्मित पदक हुन्छ जसको मध्य भागमा सुनबाट बनाइएको प्रज्ञा प्रतिष्ठानको प्रतीक रहेको हुन्छ । यस पुरस्कारद्वारा सम्मानित व्यक्ति नेपाल आउँदा तिनलाई नि:शुल्क भिसा र भत्तास्वरूप वार्षिक पाँच हजार रुपियाँ प्रदान गरिन्छ ।

६. **पासाङ ल्हामु प्रज्ञा पुरस्कार:** वि.सं. २०५२ सालमा ने.रा.प्र.प्र.द्वारा स्थापित पचास हजार रुपियाँको पासाङ ल्हामु प्रज्ञा पुरस्कार प्रत्येक वर्ष नेपाली भाषा र साहित्यसेवीलाई प्रदान गरिन्छ ।

७. **कविता महोत्सव:** नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा २०३३ सालदेखि प्रत्येक वर्ष आयोजना गरिने राष्ट्रिय कविता महोत्सवमा प्रथम हुनेलाई स्वर्णपदक तथा नगद रु.दश हजार, द्वितीय हुनेलाई रजत पदक तथा नगद रु. छ हजार र तृतीय हुने तीन जनालाई प्रति व्यक्ति रु. तीन हजार र काँस्य पदक प्रदान गरिन्छ ।

७. **मायादेवी प्रज्ञा पुरस्कार:** २०५२ सालमा ने.रा.प्र.प्र.द्वारा स्थापित पचास हजार राशिको यो पुरस्कार प्रत्येक वर्ष राष्ट्रभाषा नेपाली लगायत विभिन्न राष्ट्रिय भाषाका साहित्यसेवीलाई प्रदान गरिन्छ ।

८. **मदन पुरस्कार:** २०१२ सालमा रानी जगदम्बादेवीद्वारा आफ्ना पति जनरल मदन शमशेरको स्मृतिमा स्थापना गरिएको यो पुरस्कार नेपाली भाषामा प्रकाशित उत्कृष्ट कृतिलाई प्रत्येक वर्ष प्रदान गरिन्छ । शुरुमा यस पुरस्कारको रकम चार हजार थियो भने २०१६ मा दश हजार रुपियाँ, २०३३ मा पच्चीस हजार रुपियाँ, २०४० मा तीस हजार रुपियाँ र २०४३ सालमा पचास हजार रुपियाँ पुगेको थियो । हाल यसको पुरस्कार राशि एक लाख पुगेको छ ।

९. **जगदम्बा-श्री पुरस्कार:** मदन पुरस्कार गुठीले रानी जगदम्बादेवीको स्मृतिमा २०४५ सालमा स्थापना गरेको यो पुरस्कारको रकम शुरुमा पचास हजार थियो । अहिले बढेर एक लाख रुपियाँ

पुगेको छ । नेपाली भाषा र साहित्यका क्षेत्रमा उल्लेखनीय सेवा गर्ने व्यक्तिलाई यो पुरस्कार प्रत्येक वर्ष प्रदान गरिन्छ ।

१०. साझा पुरस्कार: साझा प्रकाशनद्वारा वर्षभरि प्रकाशित गरेका कृतिहरू मध्येबाट सर्वोत्कृष्ट ठहरिएको कुनै एक पुस्तकलाई यो पुरस्कार दिइन्छ । यो पुरस्कार २०२६ सालदेखि प्रदान गरिँदै आएको छ । यस पुरस्कारको रकम २०२६ मा एक हजार रुपियाँ, २०३३ मा तीन हजार रुपियाँ, २०३९ मा पाँच हजार रुपियाँ हुँदै २०४४ मा आठ हजार रुपियाँ पुगेको छ ।

**११. भूपालमान सिंह कार्की पुरस्कार:** सुरुमा पचहत्तर लाख एक हजार एक सय एक रुपियाँको अक्षयकोश खडागरी बाह्रवटा विभिन्न पुरस्कार घोषणा गरेर २०५३ सालमा पच्चीस लाख थप गरी एक करोड पाँच रुपियाँ पुऱ्याएर तेह्र वटा पुरस्कार रहेको भूपालमान सिंह कार्की पुरस्कार राशिको दृष्टिकोणले निजी क्षेत्रको सबैभन्दा ठूलो पुरस्कार हो । ती मध्ये तीनवटा निम्न छन्–

*क. भूपालमान सिंह पुरस्कार:-* नेपाली भाषा साहित्यमा विशिष्ट योगदान गर्ने व्यक्तिलाई प्रत्येक वर्ष प्रदान गरिने यस पुरस्कारको राशि दुई लाख रुपियाँ छ ।

*ख. भूपालमान सिंह कार्की युवा पुरस्कार:-* ४५ वर्ष मुनिका साहित्यसेवी युवाहरूलाई प्रत्येक वर्ष प्रदान गरिने यस पुरस्कारको रकम पच्चीस हजार रहेको छ ।

*ग. महेन्द्र सिंह कार्की पुरस्कार:-* नेपाली भाषामा प्रकाशित उत्कृष्ट पुस्तकलाई हरेक २ वर्षमा दिइने यस पुरस्कारको राशि एक लाख रुपियाँ छ ।

**१२. उत्तम पुरस्कार:** निबन्ध, जीवनी, आत्मकथा, यात्राकथा आदि विधालाई प्रोत्साहित गर्ने उद्देश्यले स्व. उत्तम कुँवरको स्मृतिमा उनकी धर्मपत्नी शान्ति कुँवरद्वारा २०४४ सालमा स्थापित यस पुरस्कारको रकम सात हजार एक रुपियाँ छ र प्रत्येक वर्ष उत्तम कुँवर स्मृति दिवसका दिन प्रदान गरिन्छ ।

**१३. मैनाली कथा पुरस्कार:** नेपाली साहित्यका सुपरिचित कथाकार स्व. गुरुप्रसाद मैनालीको स्मृतिमा २०३८ सालमा स्थापित यस पुरस्कारमा पाँच हजार रुपियाँ र सम्मान पत्र प्रत्येक वर्ष दिइन्छ ।

**१४. व्यथित काव्य पुरस्कार:** नवोदित कविहरूलाई प्रदान गरिने यो पुरस्कार साहित्यिक पत्रकार सङ्घद्वारा २०३८ सालमा स्थापित गरिएको हो । यस पुरस्कारको रकम एक हजार एक रुपियाँ छ र यो प्रत्येक वर्ष प्रदान गरिन्छ ।

**१५. युवा वर्ष मोति पुरस्कार:** नेपाली भाषा र साहित्य क्षेत्रमा युवाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय युवा वर्ष नेपाल राष्ट्रिय समितिद्वारा २०४२ सालमा स्थापना गरिएको हरेक वर्ष

पत्रिकाले समेत कथा विशेषाङ्क छाप्न भ्याएको छ र *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* तथा अंग्रेजी *हिमाल*का पातासम्ममा पनि नेपाली कथाले पाइला टेक्ने मौका पाएको छ । *मूल्याङ्कन, नयाँ परिवेश, पौरख, विश्वमित्र, नव युवा, बाल कोसेली, नव प्रतिभा* आदि पत्रिका यस कुराका दसी हुन् । दैनिक र साप्ताहिक समाचारपत्रहरूले पनि पाएसम्म एक कुनामा एउटा छरितो कथा छाप्ने रहर गर्न छाडेका छैनन् । विभिन्न नियमित र कम नियमित साहित्यिक पत्रिकाले जनआन्दोलन पश्चात् बडाबडा आकारका कथा विशेषाङ्क प्रकाशित गरेका छन् ।

कविता विधालाई छाडेर साहित्यका क्षेत्रमा सबैभन्दा बढी संख्यामा प्रकाशित पुस्तकाकार कृतिहरू कथा संग्रह नै हुन् भन्ने कुराको सहजै अनुमान गर्न सकिन्छ । मनु ब्राजाकी, मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम, इस्माली, ऋषिराज बराल, घनश्याम ढकाल, हरिहर खनाल, संजय थापा, गोपाल पराजुली, नारायण ढकाल, राजव, देविका तिमिल्सिना, सीता पाण्डे, बेञ्जु शर्मा, इन्दिरा प्रसाईं, महेश विक्रम शाह, सरोज ओली, विवश वस्ती, लीला श्रेष्ठ, पुण्यप्रसाद खरेल, खगेन्द्र संग्रौला आदि केही उदाहरण मात्र हुन् । व्यावसायिक प्रकाशक र व्यवस्थित वितरण प्रणालीको अभावका कारण दर्जनौं कथाकारका कथा संग्रहहरू प्रकाशित हुन नपाएर अँध्यारो खोपामा थन्किरहेका होलान् ।



*उपन्यासकार दौलतविक्रम विष्ट*

यति मात्र विवरणका आधारमा पनि कथा लेखनमा संख्यात्मक रूपबाट कमी आएको अनुभव हुँदैन । जनआन्दोलनपूर्व निकै लामो समयसम्म लेखनबाट विश्राम लिएका वरिष्ठ र पाका कथाकार गोबिन्द गोठालो पुन: निकै जाँगरकासाथ ओर्लिएका छन् । विजय मल्ल र परशु प्रधान समेतले पनि आफ्नो लामो मौन भङ्ग गर्दै बीचमा केही कथा लेखेका सम्झना छ । दौलतविक्रम विष्ट, मदनमणि दीक्षित र रमेश विकल जस्ता पाका कथाकारहरू पनि अझसम्म साधनारत छन् । ध्रुवचन्द्र गौतमदेखि घनश्याम ढकाल हुँदै देवी सुवेदीसम्म मध्यम पुस्ताका धेरैजसो कथाकारहरू कृयाशील छन् र टड्कारो चिनारी बनाइ नसकेका भए पनि महेश विक्रम शाह, हरिगोबिन्द लुइँटेल, नयनराज पाण्डे, इन्दिरा प्रसाई, तारा गाउँले, सी. पी. गजुरेल, विवश वस्ती, अमर शाह, सरोज ओली, पुण्यप्रसाद खरेल, शरद पौडेल, रोहित दाहाल आदि नयाँ कथाकारहरूको पङ्तिमा उभिएका छन् ।

के जनआन्दोलनपछिको नेपाली समाजको द्वन्द तथा त्यसबाट उत्पन्न सामाजिक सम्वेदनाहरूप्रति समकालीन नेपाली कथा जागरुक छ ? अर्को शब्दमा भन्ने हो भने जनआन्दोलनका संवाहक राजनैतिक शक्तिहरूमा दलीय र सत्ता स्तरमा प्रकट भएको नाङ्गो अवसरवाद, नैतिक क्षयीकरण र उपभोक्तावादप्रति तथा नेतृत्वको विश्वासघातबाट जनसाधारणमा उत्पन्न भएको कुण्ठा, आक्रोश र विप्लवी हुङ्कारप्रति नेपाली कथा जागरूक छ ? हो यस कुराप्रति नेपाली कथा मनग्ये जागरूक छ । त्यति मात्र होइन, अपेक्षाकृत खुला राजनीति–सामाजिक परिवेशमा निजी पहिचान र समान अधिकारका लागि मुखरित भइरहेका महिला, दलित र जनजातिका पीडा र आकांक्षाहरू पनि नेपाली कथामा धेरथोर प्रतिबिम्बित भइरहेका छन् । तथाकथित विश्वग्रामको छलकारी आवरणभित्र लुकेर विशेषत: विद्युतीय यन्त्र मार्फत् गाउँदै नाच्दै हाम्रा मनमस्तिष्कमा पलप्रतिपल अतिक्रमण गरिरहेका एक ध्रुवीय सांस्कृतिक साम्राज्यका कुरूप सपनाहरूप्रति पनि नेपाली कथा साहित्य धेरथोर सजग छ । गोबिन्द गोठालेदेखि लिएर पुण्यप्रसाद खरेलसम्मका अनेकौं कथाकारहरूका कथाहरूले भिन्नभिन्न सन्दर्भमा र भिन्नभिन्न स्तरमा यसै कुराको पुष्टि गर्छन् । विश्वम्भर चञ्चलको *हाई हाई डेमोक्रेसी*, मनु ब्राजाकीको *अन्नपूर्णाको भोज* (समकालीन साहित्य), र *जोरपैयुँ* (गरिमा) राजवको *नोकर, कुकुर र बाउको राजनीति* (समकालीन साहित्य, पूर्णाङ्क ११), महेश विक्रम शाहको *चम्पी* (समकालीन साहित्य, पूर्णाङ्क ११), ध्रुवचन्द्र गौतमको *नीलडाम* (उपहार), डा. राजेन्द्र विमलको *कालिदासस्य* (मधुपर्क), बालकृष्ण पोखरलेको *मिस डोबोराह* (समकालीन साहित्य, पूर्णाङ्क २५), ऋषिराज बरालको *संगिता भाउजु* (कथा संग्रह वन मान्छेको कथा) अमर शाहको *खाडल* (समकालीन साहित्य, पूर्णाङ्क १६), शैलेन्द्र साकारको *३००,१००,१०००* (योषा, कथा अङ्क), मोहनराज शर्माको *मुरली बाजे* (गरिमा, पूर्णाङ्क १५६), सनत रेग्मीको *रूपबाजार*, भाउपन्थीको *चरहरू र धाँजाहरू* (गरिमा, पूर्णाङ्क १५०) इस्मालीको *डायरी, ऊ र बुढा काका* (जन साहित्य, अङ्क ४) खगेन्द्र संग्रौलाको *मखमली खोलभित्रको गोमन सर्प* (समकालीन साहित्य, पूर्णाङ्क २५) यस सन्दर्भमा उल्लेख गर्न सकिने केही कथा हुन् । यस लस्करलाई निकै लामो हुने गरी सहजै तन्काउन सकिन्छ ।

## समालोचकको दायित्व

साहित्य बिरलै पढ्ने तर विमोचक वा प्रमुख अतिथिको आसनबाट ज्ञानगुनका सारा कुरामा आफू पारङ्गत भएको नौटङ्की गर्ने कुनै उपभोक्तावादी टपरटुइँया नेता वा मन्त्रीले साहित्य सुक्यो भनेको भए आश्चर्य लाग्ने थिएन । कुनै असचेत पाठकले यस्तो टिप्पणी गरेको भए पनि यत्रो आश्चर्य लाग्ने थिएन । अचेल साहित्यको मुहान सुक्यो, साहित्य ओइलायो भन्नेहरूको अग्रपङ्तिमा कतिपय समालोचकहरू स्वयं देखा परेका छन् । सस्ता सूचनाहरूका चाङमुनि किचिएर पुरिएका साहित्यका राम्रा रचना र पुस्तकहरूलाई सूक्ष्म दृष्टिसाथ नियाल्ने, ती रचनातर्फ पाठकको ध्यान खिच्ने, साहित्यमा उठ्ने गरेका जिज्ञासा वा चर्चाबारे सम्वादका

सजीव प्रक्रियाहरुको थालनी गर्ने, साहित्यको महत्ता बढाउने र साहित्यकारको मनोबल उठाउने काममा लागिपर्न हाम्रा समालोचकहरूलाई जाँगर लाग्दैन । बरू उनीहरू त आफूले वा अरूले शुरू गरेको हाप्काको बोलीमा हो होको लोली मिलाउँदै कुदिरहेझैं लाग्छ । सके हाम्रा समालोचक खुला सम्बाद गर्न अल्छी मान्छन् वा त्यस्ता सम्बाददेखि डराउँछन् । बिडम्बना त के हो भने हाम्रा समालोचक आफू सर्वज्ञ भएको अभिनय गर्न रूचाउँछन् । साहित्यका सबै विधाको समीक्षा गर्न उनीहरु पारङ्गत छन् । उनीहरूलाई विधा विशेषका व्यापकता र तिनका विशिष्टता बुझ्न विशेष अध्ययन, प्रशिक्षण र साधनाको खाँचो पर्दैन । निरस भाषा, सहस्र गाँठा परेका कोशौं लामा वाक्य, छिपछिपे ब्याख्या र सारमा हातलाग्यो शून्य । अहिले चलेको अधिकतर समालोचनाको मोटामोटी विशेषता यही हो । जागिर खाने र बढुवा हुने प्रयोजनका निमित्त टिपिएका टिपोटहरूलाई टालटुल र तानतुन पारी लम्ब्याएर कालचेतना र समसामयिक रूचिबाट बेखबर भएर सन्दर्भ ग्रन्थका नाममा पढेका र नपढेका समेत पुस्तकहरूको लम्बेतान सूचि दिएर लेखिएका सपाट, निरस र असान्दर्भिक लेखोटहरूलाई सौन्दर्य चिन्तन र साहित्य समीक्षा भन्ने नाउँ राखेर पाठकहरूमाथि थोपर्ने धन्दा चलिरहेकै छ । उनीहरूको समालोचना धेरैजसो "वस्तुत: " बाट शुरू हुन्छ र "अन्तत: "तिर पुगेर टुङ्गिन्छन् । यस्ता समालोचकको पहिलो शब्दबाटै पाठक आतङ्कित हुन्छ र समालोचना पढिसक्दा नसक्दै ऊ थाकेर मुर्दामा परिणत भइसकेको हुनसक्छ । साहित्य समालोचनाको यस्तो दुरावस्थाले पाठकहरूमा घातक लघुताभाष जगाइदिन्छ । साहित्य समालोचनाको यस्तै दुर्गति र अत्तिचार बेहोर्नु परेर होला एक पटक चिनियाँ लेखक लु सुनले समालोचकको समालोचक चाहियो भनी औंलो ठड्याएका थिए ।

साहित्य सुक्यो भन्ने कुराको चर्चा गर्दा पञ्चायत कालमा साहित्यका पाठक बढी थिए, साहित्यका सामग्रीहरू बढी बिक्थे, तसर्थ साहित्य बढी सशक्त थियो भन्ने तर्क पनि अचेल सुन्न पाइन्छ । यो तर्क ज्यादै कोरा सोचाइमा आधारित छ । तथ्य कुरा त के हो भने पञ्चायत कालमा स्वतन्त्र प्रकाशनमाथि कठोर बन्देज थियो । सूचना, ज्ञान र मनोरञ्जनका विविध सामग्री उपलब्ध थिएनन् । सबै प्रकारका सूचना, संवेदना र ज्ञान साहित्यिक प्रकाशनबाटै प्रवाहित हुन्थे । सबैतिर दमनकारी शून्यता छाएको त्यस क्रूर कालमा साहित्यको पदचाप टङ्कारोसँग सुनिन्थ्यो । जनआन्दोलनपछिको खुला र प्रतिस्पर्द्धायुक्त परिवेशमा सूचना, ज्ञान र मनोरञ्जनका विविध सामग्रीहरू उपलब्ध छन् र पाठकहरू आ-आफ्नो चाख अनुसार स्वभावत: यी विविध क्षेत्रमा विभाजित भएका छन् । सूचना र मनोरञ्जनका क्षेत्रमा आ-आफ्ना वस्तुलाई बढी बिकाउ बनाउन नाना किसिमका भड्किला, नाङ्गा र उत्तेजक चमकधमकहरूको प्रयोग गर्ने गरिन्छ । तर साहित्य समाजको अग्र चेतना र नैतिकताको संवाहक भएको हुनाले यसले त्यस्ता सस्ता उपकरणहरूको प्रयोग गर्दैन बरू ती कुराको कठोर आलोचना नै गर्छ । पाठक यसरी विभाजित हुँदाहुँदै पनि सुसंस्कृति र कलाविरोधी सत्ताले आफ्नो साहित्यको सिर्जना र प्रकाशनमा कमी होइन बरू अभिबृद्धि नै भएको छ । उपभोक्तावादी स्वार्थ पूरा गर्न सिङ्गो समाजलाई मिथ्या सूचना र मनोरञ्जनका सस्ता र भ्रष्ट साधनतर्फ आकृष्ट गरिरहेको, विकृत यौन उत्तेजना र व्यापारिक प्रकृतिका खेलकूदहरूमा सक्दो बराल्न खोजिरहेको आजको कठिन परिस्थितिमा पनि साहित्य आफ्नो महत्ता कायम राख्न संघर्षरत छ । अरू विधाका कुरा नगरूँ, कृष्णचन्द्रसिंह प्रधान, ध. च. गोतामे, श्याम गोतामे, बालकृष्ण पोखरेल, मोहनराज शर्मा, रूद्र खरेल, शरद् क्षेत्री आदिका निबन्धहरू तथा बालकृष्ण पोखरेल, मोहनराज शर्मा, डा. राजेन्द्र विमल, राजव, इस्माली, ऋषिराज बराल र महेशविक्रम शाह आदिका कथा मात्र पनि नबिराइकन पढिएका भए नेपाली साहित्यमा ह्रास आयो भन्ने गनगन सुन्ने दु:खबाट हामी जोगिन्थ्यौं होला ।

साहित्यको उत्थान वा ह्रासको प्रश्नलाई समयसापेक्ष दृष्टिले सूक्ष्म रूपमा र विविध कोणबाट नहेरी ब्रह्मज्ञानीको हैसियतले साहित्यमा ह्रास आयो भनी हल्ला गर्नाले आधारहीन होहल्ला नै साहित्यमा ह्रास ल्याउने घातक कारक बन्ला कि भन्ने हामीलाई डर छ । बाँकी कुरा साहित्यका जानिफकारहरूकै जिम्मा । ▲

प्रदान गरिने यस पुरस्कारको रकम दश हजार रुपियाँ रहेको छ ।

१६. **सीताराम पुरस्कार:** साहित्य क्षेत्रमा विशिष्ट योगदान गर्ने पचास वर्षभन्दा माथिका व्यक्तिलाई प्रदान गरिने यस पुरस्कारको स्थापना सीताराम प्रसाईद्वारा २०४९ सालमा गरिएको हो । पचहत्तर हजार रुपियाँ रकम रहेको यो पुरस्कार प्रत्येक वर्ष दिइन्छ ।

१९. **ललिता काव्य पुरस्कार:** यो पुरस्कार २०४९ सालमा स्थापित सीताराम साहित्य प्रतिष्ठानद्वारा गरिएको हो । ने.रा.प्र.प्र.को कविता महोत्सवमा प्रथम, द्वितीय र तृतीय हुने कविहरूलाई क्रमश: रु. दश हजार, तीन हजार र सान्त्वना पुरस्कार रु. पन्ध्रसय रुपियाँ प्रदान गर्ने गरिन्छ ।

१७. **मुक्ति/मैना पुरस्कार:** २०४९ सालमा सीताराम प्रसाईद्वारा स्थापित आफ्ना पिता मुक्तिनाथ र माता मैना देवीका नाममा साठी हजार रुपियाँको मुक्ति पुरस्कार र पचपन्न हजार रुपियाँको मैना पुरस्कार साहित्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने साहित्यकारलाई प्रत्येक वर्ष प्रदान गरिन्छ । मैना पुरस्कार महिला साहित्यकारलाई मात्र प्रदान गरिन्छ ।

१८. **कृष्णमणि साहित्य पुरस्कार:** कृष्णमणि अर्यालका परिवारद्वारा २०४६ सालमा स्थापित यस पुरस्कारको रकम दश हजार रुपियाँ रहेको छ र यो पुरस्कार उत्कृष्ट यथार्थवादी साहित्यिक कृतिलाई प्रत्येक साल दिने गरिन्छ ।

१९. **कवि युद्धप्रसाद मिश्र पुरस्कार:** प्रगतिशील लेखक सङ्घ काठमाडौंद्वारा २०४८ सालमा स्थापित दश हजार रुपियाँको यो पुरस्कार प्रत्येक वर्ष समाजवादी साहित्य लेखनमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई दिइन्छ ।

२०. **विश्वेश्वर शताब्दी पुरस्कार:** विश्वेश्वरप्रसाद कोइरालाको स्मृतिमा शताब्दी नामक साहित्यिक संस्थाले २०४७ सालमा स्थापना गरेको यो पुरस्कार नेपाली